स्थानीय निर्वाचन २०७९ "समावेशी तथा महिला नेतृत्व"



# प्रतिबद्धता पत्र

मन्जु शर्मा चालिसे

मेयर पदका उम्मेदवार (स्वतन्त्र)

गलकोट नगरपालिका

# मेरो प्रतिबद्धता

निवर्तमान नगरप्रमुखको अपूर्ण योजना र कार्यक्रमहरुलाई प्राथमिकतामा राख्दै पूर्णता प्रदान गरिने ।

## स्वास्थ्य तर्फ

- गलकोट नगरपालिका भित्रका विपन्न तथा गरिव जनताको लागी निःशुल्क स्वास्थ्य बिमा उपलब्ध गराउने ।
- केन्द्रिय अस्पतालहरुसङ्ग सहकार्य गरि आत्महत्या निरुत्साहनको लागी हटलाईन नम्बर मार्फत परामर्श कार्यक्रम सञ्चालन गर्ने ।
- गलकोट नगरपालिकामा नगर अस्पतालको स्तरउन्नती गराई विशेषज्ञ तथा दक्ष जनशक्ति सेवा उपलब्ध गराउने ।
- हरेक स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाइमा नेपाल सरकार द्वारा निःशुल्क उपलब्ध औषधी सर्वसुलव उपलब्ध हुने व्यवस्था गर्ने ।
- सरकारी तथा निजी अस्पतालहरुमा नर्सिङ, ANM, AHW पढाई सुरु गर्न पहल गरिने ।
- समय समयमा विभिन्न टोल टोलमा दिर्घरोगका लागी स्क्रिनिङ क्याम्प सञ्चालन गरिने ।

## शिक्षा तर्फ

- गलकोट नगरपालिकाका सामुदायीक विद्यालयको पूर्वाधार गुणस्तर र वातावरणमा सुधार गर्ने र प्राबिधिक शिक्षामा जोड दिने ।
- माध्यमिक शिक्षा परीक्षा र कक्षा १२ पश्चात विद्यार्थीहरुलाई उच्च शिक्षाको लागी पेशा परामर्श (Career Counselling) गरिने ।
- गलकोटका सामुदायीक विद्यालयमा छात्रवास निर्माण गरिने ।
- गरिव, विपन्न, निम्न आय स्तर भएका विद्यार्थीलाई मेयरको तलबको कोषबाट सामुदायीक विद्यालयमा छात्रवास सहित पढाउने ।
- प्राविधिक शिक्षा (इन्जिनियर, कृषि विज्ञ, आईटी विज्ञ, नर्सिङ, पशु विज्ञ) पढ्न चाहने एक/एक जनालाई छात्रवृत्ति उपलब्ध गराउने ।
- बिभन्न बिधाको पुस्तक हरु उपलब्ध हुने गरि सार्वजनिक पुस्तकालय स्थापना गर्ने ।
- सामुदायीक विद्यालयमा सिप, उद्यमशीलता, खेलकुद, संगीत, कला तथा नेतृत्व विकासको लागी प्रशिक्षण कार्यक्रमको व्यवस्था गर्ने ।
- शैक्षिक सुधारका लागी पेशागत संघ संगठन सङ्ग सहकार्य गर्ने ।
- सामुदायीक विद्यालयमा गणित, बिज्ञान लगाएत अन्य विषय अध्यापनका लागी अतिरिक्त स्रोतको व्यवस्था गर्ने ।
- प्राविधिक शिक्षा (कम्प्युटर, ICT) अध्यापनका लागी जनशक्ति उपलब्ध गराउने ।
- गलकोट नगरपालिका भित्रको कुनै एक विद्यालयलाई राष्ट्रिय स्तरमा ख्याती कमाउन योग्य बनाउन पहल गरिने ।
- समय समयमा प्रत्येक वडालाई लक्षित गरेर शिक्षक अभिमुखिकरण तालिम र गोष्ठी संचालन गर्ने ।

## महिला तथा बालबालिका

- हेल्पलाईन कलसेन्टर मार्फत महिला र वालवालिकाको लागी घरेलु हिंसामूक्त सुरक्षित वातावरणको व्यवस्थापन गर्ने ।
- बालविवाह तथा उमेर नपुग्दै हुने गर्भधारण निरुत्साहनको लागी सचेतनामुलक कार्यक्रम गर्ने र निती निर्माण गरिने ।
- सरकारी कार्यालय तथा सार्वजनिक स्थलमा स्तनपान तथा शिशु नर्शिङ कक्ष व्यवस्थापन गरिने ।
- वडास्तरिय अभियानहरुमा प्रजनन स्वास्थ्य सचेतनाका कार्यक्रम सञ्चालन गरिने ।

- महिला उद्यमशिलता मार्फत स्वरोजगारी बढाउने कार्यक्रम र समान काम समान ज्यालाको व्यवस्था गर्न पहल गरिने ।
- आमासमूह र महिला स्वास्थ स्व्यमसेबिकालाई सस्क्तिकरण गरिने

## सडक तथा यातायात तर्फ

- गलकोट नगरपालिकाभित्र सञ्चालित सार्वजनिक सवारीसाधनको रुटप्रमिटका समस्या समाधान गर्न पहल गरिने ।
- निजी स्तरबाट सञ्चालन गर्न सकिने पेट्रोलपम्प निर्माण गर्न वातावरण सिर्जना गरिने ।
- नगरपालिका भित्र नगरबस सञ्चालन गर्ने ।
- गलकोट नगरपालिका अन्तर्ग मध्यपहाडी लोकमार्गका विभिन्न ठाउँमा महिला तथा अपाङ्मैत्री सार्वजनिक शौचालयको निर्माण गर्ने ।
- पत्येक वार्ड कार्यालय बाट नगरपालिकाको कार्यालय सम्म जोडने सडकको स्तरोन्नती गरिने ।

## कृषि तर्फ

- कृषि उत्पादनको विक्रि तथा सङ्कलन नगर कृषि कार्यालय मार्फत गरिने र त्यसको उचित मूल्य प्रदान गरिने ।
- शैक्षिक पृष्ठमूमी नभएका तथा कम भएका यूवाहरुलाई कृषि तालिम को व्यवस्था गरि स्वरोजगार र आत्मनिर्भर गराइने ।
- केही कृषिजन्य (टिमुर, किवी, गोलभेडा) उत्पादनहरुमा ५ वर्षभित्रमा आत्मनिर्भर हुने वातावरण सिर्जना गर्ने ।
- जग्गा बाँझो राख्ने निरुत्साहन गर्नका लागी पुर्वाधारको विकास गरि उक्त स्थानमा फलफूल तथा तरकारी, अन्नबाली लगाउन अनुदानको व्यवस्था गर्ने ।
- ठाउँ अनुसार माटो परीक्षण गरि व्यवसायीक कृषिका लागी पकेट क्षेत्र निर्माण गरिने ।
- हाल सञ्चालन मा रहेका पशुपालन तथा कृषि फम हरुको स्तरोन्नति तथा बजारीकरणमा सहयोग गर्ने
- व्यवसायीक मौरिपालन लार्य प्रर्वद्धन गर्ने ।

## कला, संस्कृति तथा पर्यटन तर्फ

- मगर कला संस्कृति जगेर्नाको लागी सङ्ग्रहालय निर्माण, व्यवस्थापन एवं स्तरोन्नती गरिने ।
- छिमेकी पालिका सङ्ग समन्वय गरि ढोरपाटन तथा गाइघाट जस्ता पर्यटकिय स्थल अवलोकन गर्न आउने पर्यटकका लागी गलकोटलाई ट्रान्जिट पोइन्ट बनाउने ।
- घुम्टे, टेउवा मुर्तिकला, गोलकोत, राम्चेढुङ्गा, सिद्धथान, रिघाको बुद्धबिहार, निलुवा, कालिलेक, हलहले र सहर्सधारा लाई पर्यटकीय स्थलको रुपमा विकसित गर्ने ।
- गलकोटमा रहेका विभिन्न जातजाती तथा समुदायको पौराणिक महत्वका संस्कृति तथा कलाको जगेर्ना गर्न विशेष पहलकदमी गरिने ।
- तोरीखोला होमस्टेलाई प्रदेशकै नमुना होमस्टेको रुपमा बिकास गर्ने ।
- गल्कोटको विरकोटमा व्यवसायीक होमस्टे सञ्चालनका निम्ति वातावरण सृजना गर्ने ।
- होमस्टे सञ्चालनको निम्ति विशेष निति तथा व्यवस्थापनको लागी ग्राह्यता प्रदान गरिने ।

## पालिका तथा वडा कार्यालय व्यवस्थापन र सेवाप्रवाह

- पालिका कार्यालय भवन निर्माणलाई सुरुवात गरिने र भवन पूर्ण अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिक मैत्री र प्रविधीमैत्री गराइने ।
- सहज वातावरण निर्माण गर्न सेवाग्राही महानुभावहरुलाई पालिका तथा वार्ड कार्यालयहरुमा निशुल्क इन्टरनेट उपलब्ध गराईने ।
- जिल्ला मालपोत र नापी कार्यालयसंग सहकार्य गरेर हालसावी गरिने ।

- सुचना तथा प्रविधीको प्रयोग गरि सेवा प्रवाहको योजना विद्युतिय माध्यमबाट सुसासन तथा सेवा प्रवाहको नियमित जानकारी गराईने ।
- आम नागरिकको सुचनाको हकलाई सम्मान गर्दै पालिका तथा वडामा सञ्चालित विभिन्न योजनाहरुको सूचना प्राप्त गर्न सकिने हकलाई सुनिश्चत गर्ने ।
- आवश्यक कर्मचारी र प्रविधीको व्यवस्थापन गरि सेवाग्राहीलाई तत्काल छिटो तथा छरितो सेवा प्रवाह गरिने ।
- लेखाप्रणाली, लेखापरीक्षण र लेखासमितिका कार्य पारदर्शी गराउने ।
- नगरस्तरिय बहुउद्देश्यिय भवन निर्माण गर्न विशेष पहल गरिने ।
- विभिन्न विषयका विज्ञहरुलाई सम्मिलित गरि गलकोट नगरपालिका Think Tank (विज्ञ समुह) स्थापना गर्ने ।

## सुरक्षा तर्फ

- गलकोटका मुख्य नाका तथा मुख्य बजारहरुमा सिसि क्यामेरा को व्यवस्थापन गरि विभिन्न चोरी तथा डकैतीका घटनाहरुलाइ निरुत्साहन गरिने ।
- आगलागी नियन्त्रणका लागी दमकलको व्यवस्था गरिने ।
- नगरप्रहरीमा महिला सहभागीता गराई आम गलकोट बासी र महिला सुरक्षाको लागी विशेष पहल गर्ने ।
- बढ्दो बजारीकरण भएसङ्गै ट्राफिक नियम, महामारी विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिने ।

## ज्येष्ठ नागरिक, अपाङ्गता भएका, असक्त र पिछडिएका वर्ग तथा समुदायको उत्थान तर्फ

- गरिब तथा विपन्नको पहिचान पारदर्शी तरिकाले गरि पालिकाले प्रदान गर्ने सेवा सुविधामा प्रोत्साहन गरिने ।
- ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवामा पहुँच पुऱ्याई बिशेष ग्राह्यता प्रदान गरिने ।
- सामाजिक सुरक्षा भत्ता प्रत्येक घर घरमा पुऱ्याउने ।

## यूवा तथा खेलकुद तर्फ

- प्रत्येक वडामा मापदण्ड अनुसारको भलिवल कोर्टको व्यवस्था गरिने ।
- राष्ट्रिय/प्रदेश स्तरका खेलकुद प्रतियोगीतामा सहभागी प्रतियोगीलाई भत्ताको व्यवस्था गरिने ।
- नगर प्रमुख कोष बाट नव उद्यमी हरुलाई व्यवसायको उचित मुल्याङ्कन गरी सहयोग गर्ने ।
- विदेशबाट फर्किएका यूवालाई आफ्नो क्षमता र दक्षता अनुसारको कामको व्यवस्था हुनेगरि वातावरण निर्माण गर्ने ।
- दुर्व्यशन नियन्त्रणको लागी कार्यक्रम सञ्चालन गर्ने ।
- सिपमुलक तालिम दियर स्वरोजगारि लाइ प्रत्सान गर्ने ।

## सुचना तथा सञ्चार तर्फ

- स्थानिय सञ्चार गृह हरुलाई प्राथमिकतामा राखिने र सो को सबलीकरणको लागी उचीत कदम चालिने ।
- स्थानिय सञ्चारकर्मी हरुको प्रोत्साहनको निम्ति सम्मान कार्यक्रम सञ्चालन गरिने ।

## अन्य

- गलकोट नगरपालिका भित्र घरेलु तथा साना उद्योग सञ्चालन गरि ५ वर्ष भित्रमा कम्तिमा २०० जना व्यक्तिलाई रोजगारि सिर्जना गर्न वातावरण तयार गर्ने ।
- करको दायरा बढाई करको दर घटाउन पहल गर्ने ।
- खोला नालामा फोहोर तथा प्रदुषण नियन्त्रण गर्न, माछा मार्नका लागी विष तथा करेन्ट लगाउने काम निरुत्साहन गर्न उचित कानुन निर्माण गर्ने ।

**धन्यवाद**